# देवाहीगोनाही नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७६

देवाही गोनाही नगरपालिका नगर सभाबाट स्वीकृत मिति : २०७६/११/०१

**वि.सं. २०७६ सालको विधेक नं. ३**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवाही गोनाही नगरपालिकाको नगर सभामा पेश गर्न देवाही गोनाही नगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "देवाही गोनाही नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन देवाही गोनाही नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले देवाही गोनाही नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन , २०७६ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले देवाही गोनाही नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले देवाही गोनाही नगरपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम वनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त देवाही गोनाही नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही देवाही गोनाही नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

प्रमाणिकरण गर्नेको :
सही :
नाम : धर्मेन्द्र प्रसाद पटेल
पद : नगर प्रमुख (नगर सभा अध्यक्ष)
प्रमाणिकरण मिति : २०७६।११।०२

धर्मेन्द्र प्रसाद पटेल
नगर प्रमुख
देवाही गोनाही नगरपालिका
प्रेमपुर गोनाही,रौतहट